# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ओखलढुङ्गा

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

## प्रेस वक्तव्य

नेपालमा संघीय लोकतान्त्रिक शासन ब्यवस्था स्थापनाका लागि नेपाली जनताहरुद्वारा विभिन्न समयमा गरिएको जन आन्दोलन तथा सहीदहरुको वलिदानीस्वरुप जारी भएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ को धारा २१६ बमोजिम यस नगरपालिकाको लागि २०७४ साल असार १४ गते सम्पन्न भएको ऐतिहासिक स्थानीय तहको निर्वाचनमा आफ्नो अमूल्य मत जाहेर गरी हामीलाई पाँचबर्षे कार्यकालको लागि सिद्धिचरण नगरपालिकाको नेतृत्वको जिम्मेवारी सुम्पिएको ब्यहोरा स्मरण गर्दछौं ।

२०५४ सालमा भएको स्थानीय तहको निर्वाचन पछि १५ बर्षभन्दा लामो अवधिसम्म तत्कालीन स्थानीय निकायहरु निर्वाचित जनप्रतिनिधिविहिन रुपमा सञ्चालन भैरहेको अवस्था, संघीयताको मर्म र भावना अनुरुप स्थानीय तह सञ्चालनका लागि अत्यावश्यक न्यूनतम पूर्वाधार (भौतिक तथा जनशक्ति ब्यवस्थापन, स्थानीय तह सञ्चालनका लागि आवश्यक स्थानीय ऐन, नियम, कार्यविधि एवं निर्देशिकाहरुको तर्जुमा) ब्यवस्थापन र पाँचबर्षे कार्यकालको लगभग दुई आर्थिक बर्ष कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट घोषणा गरिएको वन्दावन्दी (Lockdown) को पालना गर्ने गराउने र वन्दावन्दीको कारण रोजगार गुमाएका असंगठित क्षेत्रका कामदारहरुलाई राहत वितरण, विपदमा परेकालाई उद्धार गर्नेद्धार गर्ने संक्रमणबाट बच्न आवश्यक स्वास्थ्य सामाग्री ब्यवस्थापन तथा सचेतनामूलक सन्देश प्रवाह, महामारीको सम्भावित जोखिममा रहेका नागरिकहरुको लागि क्वारेन्टिन/संक्रमण पुष्टि भएका ब्यक्तिहरुका लागि आइसोलेसन कक्ष ब्यवस्थापन तथा उपचारमा लैजानुपर्ने ब्यक्तिको लागि निशुल्क सवारी साधनको ब्यवस्था जस्ता कार्यहरु सम्पादन गर्नुपर्ने वाध्यात्मक अवस्थाको सिर्जना हाम्रो कार्यकालको प्रमुख चुनौतिको रुपमा रह्यो ।

माथि उल्लेखित चुनौतिहरुको वावजुद पनि हामिले हाम्रो कार्यकालमा नगरपालिका तथा वडा कार्यालयहरुको प्रशासकीय भवन निर्माण कार्यको थालनी, स्थानीय तहको काम कर्तब्य र अधिकार कार्यान्वयन सहजताका लागि विभिन्न स्थानीय ऐन,नियम,निर्देशिका,कार्यविधिहरुको तर्जुमा एवं नगरपालिकासँग सम्बन्धित सूचना तथा सञ्चारमा सरोकारवालाको पहुँच विस्तार गरी सुशासन प्रवर्द्धन गर्न नगरपालिका तथा वडा कार्यालयहरुको संस्थागत विकास तथा ती कार्यालयमा कार्यरत जनशक्तिको क्षमता विकासका लागि नवप्रवर्तन साझेदारी कोषबाट बजेट ब्यवस्थापन,नगरको केन्द्रबाट १२ वटै वडा कार्यालयहरुको केन्द्र सम्म पुग्ने सडक लगायत नगरस्थित मुख्यमुख्य सडकहरुको निर्माण तथा स्तरोन्नति, मोटरेबल पुल निर्माण,पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माण,ऐतिहासिक, पुरातात्वीक एवं धार्मिक सम्पदाहरुको संरक्षण तथा प्रवर्द्धनसँग सम्बन्धित आयोजनाहरुको कार्यान्वयन, नगरस्थित मुख्यमुख्य बजारक्षेत्रबाट उत्सर्जित फोहरमैलाको दीगो ब्यवस्थापनका लागि आवश्यक जग्गा प्राप्ति तथा पूर्वाधार निर्माण गर्न

आवश्यक बजेटको ब्यवस्था, विभिन्न हिंसाबाट प्रभावित महिला तथा बालबालिकाहरुको सुरक्षित आवासगृह निर्माण आयोजना कार्यान्वयन, ज्येष्ठ नागरिकहरुका लागि दिवासेवा केन्द्र स्थापना तथा सञ्चालन, दलित समुदायको सशक्तिकरणको लागि माग एवं आवश्यकतामा आधारित कार्यक्रम सञ्चालनका लागि बजेट ब्यवस्थापन, नगरस्थित पिछडिएका महिला समुदायको उत्थानमूलक कृयाकलाप सञ्चालनका लागि लैंङ्गिकमैत्री सूचक तयारी, बालमैत्री स्थानीय सूचक कार्यान्वयनका लागि वडा तथा नगर स्तरीय बाल सञ्जाल गठन, एक वडा एक स्वास्थ्य संस्थाको अवधारणा अनुरुप स्वास्थ्य संस्था नभएका वडाहरुमा स्वास्थ्य संस्था निर्मणका लागि आवश्यक जग्गा निशुल्क प्राप्त गरी स्वास्थ्य संस्थाको भवन निर्माणको लागि आवश्यक बजेट ब्यवस्थापन, सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि विद्यालय भवन छात्रछात्रामैत्री शौचालय तथा खेलमैदान निर्माण, ई-लाइब्रेरी तथा सूचना प्रविधिमैत्री कक्षा ब्यवस्थापन, आधुनिक एवं यान्त्रिकरणमा आधारित ब्यवसायिक कृषि प्रणालीको लागि कृषकलाई अनुदान र कृषि बीउविजन भण्डारणगृह तथा कृषि उपज चिस्यान केन्द्र निर्माण, आधुनिक साना सिंचाई प्रणालीहरुको निर्माण, युवा उद्यमशीलताको प्रवर्द्धन, सदरमुकाम क्षेत्रमा सि.सि.क्यामेरा जडान, खानेपानी तथा विद्युत क्षेत्रमा सुलभता जस्ता महत्वपूर्ण र दूरगामी कार्यहरु कार्यान्वयनमा ल्याइएको हुँदा आगामी कार्यकालको लागि निर्वाचित नेतृत्वले उल्लेखित कार्यक्रमहरु कार्यान्वयनको लागि निरन्तरता दिनेछ भन्ने अपेक्षा लिइएको छु ।

विगतको हाम्रो पाँचबर्षे कार्यकालमा हामिलाई हाम्रो कार्य सम्पादनको क्रममा कार्यवातावरण सहज बनाउन भरपूर रुपमा सहयोग पुर्याउनु हुने नगरवासी जनसमुदाय, नगरस्थित सबै सरोकारवाला संघ संस्था/ ब्यक्ति/ब्यक्तित्व/निकाय लगायत नगरपालिका कार्यालय तथा मातहतका वडा कार्यालयहरुमा कार्यरत सबै कर्मचारीवर्गमा हार्दिक धन्यवाद सहित आभार प्रकट गर्दछु ।

अन्तमा,
मितिः२०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको दोस्रो निर्वाचनलाई स्वच्छ, शान्तिपूर्ण एवं धाँधलिरहित रुपमा सम्पन्न गराउन आ-आफ्नो क्षेत्रबाट महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने निर्वाचन अधिकारी, स्थानीय प्रशासन एवं सुरक्षा निकायका प्रमुखहरु, नगरस्थित सबै मतदान केन्द्रमा खटिनु भएका मतदान अधिकृत लगायत कर्मचारीह एवं सुरक्षाकर्मीहरु, सरोकारवाला निकायहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दै सोही निर्वाचनद्वारा यस नगरपालिकाको आगामी कार्यकालको लागि निर्वाचित जनप्रतिनिधिहरुमा हार्दिक वधाई सहित कार्यकाल सफल एवं उपलब्धिमूलक रहोस भन्ने शुभकामना ब्यक्त गर्दछु ।

धन्यवाद ।

मोहन कुमार श्रेष्ठ
नगर प्रमुख

मोहन कुमार श्रेष्ठ
नगर प्रमुख

मितिः२०७९।०२।०५